बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

प. सं. २०७८/०७९ (प्रशासन तथा योजना)

च.नं. ६१३

प्रदेश नं. १, नेपाल

विषयः बजेट सीमा तथा मार्गदर्शन पठाइएको सम्वन्धमा।

श्री वडा कार्यालयहरु, सबै

बेलका नगरपालिका उदयपुर।

प्रस्तुत विषयमा आगामी तीन आर्थिक वर्षका लागि बेलका नगरपालिका स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०२/२३ गतेको निर्णयानुसार तय भएको बजेट सीमा भित्र रही बेलका नगरपालिकाको आवधिक योजना, विषय क्षेत्रगत रणनीति तथा गुरुयोजना, आगामी वर्षको प्रस्तावित नीति तथा कार्यक्रमका आधारमा देहायमा उल्लिखित विषयहरुलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरुको छनौट तथा प्राथमीकीकरण गरी मिति २०७९/०२/२७ गते शुक्रबार दिनको ४:०० बजे भित्र पेश गर्नुहुन अनुरोध छ।

१. बजेट सिलिङ

बेलका नगरपालिकामार्फत वडागत रुपमा वडा नं. १ देखि ९ वटै वडाहरुलाई आर्थिक विकास तर्फ, विभिन्न प्रकोप तथा विपद् व्यवस्थापन तर्फ, सामाजिक विकास तर्फ, पूर्वाधार विकास तर्फ, संस्थागत विकास, सेवाप्रवाह र सुशासनतर्फका क्षेत्रगत आयोजनाहरु छनौट गरी सोहीबमोजिम क्षेत्रगत रुपमा हरेक क्षेत्र (सामाजिक, आर्थिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाह तथा सुशासन) मा न्यूनतम १० प्रतिशत रकम विनियोजन गर्ने गरी देहाय बमोजिमको बजेट सिलिङ निर्धारण गरिएको छ। उक्त बजेट सिलिङको परिधिभित्र रही बेलका नगरपालिकामार्फत वडा कार्यालयहरुबाट सञ्चालन हुने आयोजनाहरुको प्राथमिकीकरण गरी छनौट गर्नुपर्नेछ।

विकास बजेट तर्फ

| वडा नं | जम्मा बजेट सिलिङ रु. |
|---|---|
| १ | ५८८६९४४.८१८ |
| २ | ५८८६९४४.८१८ |
| ३ | ६६१३७२८.१२९ |

बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
२०७३

प. सं. २०७८/०७९ (प्रशासन तथा योजना) प्रदेश नं. १, नेपाल
च.नं.

| | |
|---|---|
| ४ | ५५२३५५३.१६३ |
| ५ | ६६१३७२८.१२९ |
| ६ | ६०३२३०१.४८ |
| ७ | ५३०५५१८.१७ |
| ८ | ६२५०३३६.४७४ |
| ९ | ५८८६९४४.८१८<br>५४०००००० |

कार्यालय सन्चालन तथा प्रशासनिक खर्च वापत प्रत्येक वडा कार्यालयलाई रु ४ लाख ५० हजार विनियोजन गरिनेछ।

२. प्राथमिकताका आधारहरु

क) विगत आर्थिक वर्षमा निर्माण कार्य सुरु भई कार्यसम्पन्न हुन बाँकी अधुरा आयोजना पूरा गर्ने

ख) गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।

ग) उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त हुन सक्ने ।

घ) आम्दानी, रोजगारी तथा उद्यमशिलता वृद्धि गर्ने।

ङ) अधिकतम लागत सहभागिता जुट्ने ।

च) स्थानीय स्रोत साधन र सीपको अधिकतम उपयोग हुने ।

छ) समावेशी विकासमा योगदान पुर्याउने।

ज) दिगो विकास तथा वातावरण संरक्षणमा टेवा पुग्ने।

झ) स्थानीय भाषिक र सांस्कृतिक संरक्षण गर्ने।

ञ) टुक्रे आयोजनाहरुलाई निरुत्साहित गरी कम्तिमा पाँच लाखभन्दा माथिका आयोजनाहरु छनौट गर्ने

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 977-035-430111, 430112, 430113, 9852835479, 9852829019, 9852829010, 9852829011

ट) पूर्ण सररफाइ वडा घोषणामा सहयोग पुग्ने

ठ) बालमैत्री वडा घोषणामा सहयोग पुग्ने

ड) अन्तरशाखा साझेदारी तथा अन्तरसंस्था साझेदारीमा सन्चालन हुने आयोजनाहरु

३. प्राथमिकताका क्षेत्रहरुः

क. कृषिको आधुनिकरण तथा व्यावसायिकरण

ख. गुणस्तरीय तथा प्राविधिक शिक्षा

ग. स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षा

घ. भु–उपयोग तथा भूमि व्यवस्थापन

ङ. जलश्रोत तथा उर्जा विकास

च. सूचना, प्रविधि तथा सञ्चार

छ. खेलकूद, कला, साहित्य, सँस्कृति, पर्यटन प्रवर्धन तथा उद्यम विकास

ज. जलवायु परिवर्तन, वातावरणीय सन्तुलन तथा जलउत्पन्न प्रकोप नियन्त्रण

झ. आन्तरिक राजश्व वृद्धि, पूँजी निर्माण तथा वित्तीय सुशासन

ञ. भौतिक पूर्वाधार, यातायात व्यवस्थापन

५. क्षेत्रगत रुपमा योजना छनौट गर्दा देहायका विषयहरुमा ध्यान दिनुपर्नेछ .

क_ आर्थिक विकास कार्यक्रमतर्फ

- एक वडा एक प्राविधिक परिचालनमा सहयोग पुग्ने
- एक वडा एक उत्पादन अन्तर्गत पकेट कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने
- बाली तथा पशुपंक्षी संरक्षण एवम् महामारीजन्य प्रकोप तथा रोगको रोकथाम र उपचार अभियान कार्यान्वयनमा सहयोग पुग्ने

ख_ वातावरण तथा विपद् ब्यवस्थापन कार्यक्रमतर्फ

- प्रत्येक वडाले प्रकोप तथा विपद् ब्यवस्थापन न्यूनीकरणका कार्यक्रमतर्फ कुल सिलिङको १० प्रतिशत रकम विनियोजन गर्नुपर्नेछ ।
- वाढी, पहिरो लगायतबाट हुने विपद्को न्यूनीकरण गर्नेखालका कार्यक्रम छनौट गर्नुपर्नेछ ।

बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

प. सं. २०७८/०७९ (प्रशासन तथा योजना) प्रदेश नं. १, नेपाल
च.नं.

- नदी कटानलाई नियन्त्रण गरी वस्ती एवम् खेतीयोग्य जमिनको वचाउमा सहयोग पुग्ने खालका आयोजनाहरुलाई अभियानको रुपमा लैजानु पर्नेछ ।
- वन विकास एवम् वातावरण संरक्षण हुने वनजन्य उत्पादनको विकास गरी हरित रोजगारीमा टेवा पु¥याउने खालका आयोजनाहरुको छनौटमा प्राथमिकता दिनुपर्नेछ ।

ग) सामाजिक विकास कार्यक्रमतर्फ

- प्रत्येकलक्षित समूहबाट बढीमा २÷२ वटा योजना छनौट गर्नुपर्नेछ ।
- लक्षितवर्ग तर्फको योजना छनौट गर्दा रु.५० हजार माथिको योजना छनौट गर्नुपर्नेछ ।
- थामी, थारु, भुजेल, माझी, दलित तथा लोपोन्मुख, सिमान्तकृत, पिछडिएका जातजातीको उत्थान र विकास गर्ने कार्यमा सहयोग गर्ने खालका आयोजनाहरु छनौट गर्नुपर्नेछ।
- आदिवासी÷जनजातिको उत्थान, भाषा, लिपि, संस्कृतिको जगेर्ना र विकास गर्नमा सहयोग पुग्ने योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।
- दलित र सिमान्तकृत एवम् पिछडावर्ग विकासको लागि शिक्षा, स्वास्थ्य लगायत प्रत्यक्ष फाइदा पाउने योजना छनौट गर्ने ।
- आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायको क्षमता विकास तथा रोजगार सिर्जना हुने सीपमूलक र आयआर्जनमा सहयोग पुग्ने खालका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिने ।
- वालवालिकाहरुको हित हुने एवम् वालबालिकाहरुको विकासमा प्रत्यक्ष रुपले सहयोग पु¥याई वालमैत्री स्थानीय शासन कायम गर्न सघाउ पुग्ने योजनालाई प्राथमिकता दिने ।
- ज्येष्ठ नागरिकलाई सम्मान पु¥याउने खालका आयोजनाहरु छनौट गर्नुपर्नेछ।

घ) भौतिक पूर्वाधार निर्माण तर्फ

- अधूरा तथा क्रमागत रुपमा संचालनमा रहेका योजनालाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ ।
- भौतिक पूर्वाधार निर्माणतर्फ योजना छनौट गर्दा कम्तिमा रु पाँच लाखभन्दा कम लागतका आयोजना छनौटलाई निरुत्साहित गर्नुपर्ने छ।
- सडक योजना छनौट गर्दा स्तरोन्नती कार्यलाई प्राथमिकता दिई बाह्रै महिना सञ्चालन हुने सडकलाई प्राथमिकता दिनुपर्ने र नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्नुपर्नेछ।

बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
२०७३

प. सं. २०७८/०७९ (प्रशासन तथा योजना) प्रदेश नं. १, नेपाल

च.नं.

- क्रमागत रुपमा संचालनमा रहेका योजनाहरुलाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ ।
- लागत सहभागिता वढी जुट्न सक्ने, अधिकतम क्षेत्र तथा नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाको छनौटमा ध्यान पुर्याउनु पर्नेछ ।

६. यसका अतिरिक्त वेलका नगरपालिकाले लिएको मुख्य तथा सहायक नीति र कार्यदिशालाई अवलम्वन गरी आयोजना छनौट गर्नुपर्नेछ।

७. कुनै पनि आयोजना वा कार्यक्रममा बजेट अवन्डामा राखि पेश गर्न पाइने छैन।

८. बस्ती तथा वडा स्तरबाट छनौट भई विषयगत समिति र एकीकृत समितिबाट पारित भई आएका, न.पा. र स्थानीय विकास साझेदारको श्रोत साधनले सम्बोधन र कार्यान्वयन गर्न नसकेका तथा ठूला आयोजनाहरुको हकमा प्रदेश सरकार र नेपाल सरकारमा सिफारिस गरी पठाइनेछ ।

९. प्रत्येक वडाबाट क्षेत्रगत रुपमा आयोजना बैंक खडा गरी, प्राथमिकता क्रम निर्धारण गरेर आगामी तीन आर्थिक वर्ष (२०७९/८० को अनुमानित बजेट कार्य्रक्रम र २०८०/८१ तथा २०८१/८२ को लागि यस सिलिङ बजेटमा १० प्रतिशत थप गरी बजेट तथा कार्यक्रम प्रक्षेपण गरी) पेश गर्नुपर्नेछ।

१०. आर्थिक वर्ष २०८०/८१ तथा २०८१/८२ को लागि यस सिलिङ बजेटमा क्रमशः १० प्रतिशत र २० प्रतिशत थप गरी बजेट तथा कार्यक्रम प्रक्षेपण गर्नु पर्नेछ। यस सम्वन्धमा थप जानकारीका लागि बेलका नगरपालिका आर्थिक प्रशासन शाखा / योजना तथा प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख
मिति: २०७९।०२।२८

अशोक कार्की
नगर प्रमुख

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 977-035-430111, 430112, 430113, 9852835479, 9852829019, 9852829010, 9852829011

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
प्रदेश नं. १, नेपाल
२०७३



## अनुसूची -८: वडाको बजेट सीमा भित्रका वडास्तरीय आयोजना विवरण फाराम

| प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | | | | माग गर्ने (वडा/टोल/समूह/संस्था) | लाभान्वित घरधुरी वा जनसंख्या | कार्यान्वयन विधि | लागत तथा प्रस्तावित स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | स्थल | परिमाण | प्राथमिकता | | | | समुदाय | गापा/नपा | अन्य | जम्मा |
| आर्थिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सुशासन तथा सेवा प्रवाह | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख